# सुरुङ्गा नगरपालिकाको

# आर्थिक ऐन, २०८२

## सुरुङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## मधुपट्टी, सप्तरी

## मधेश प्रदेश, नेपाल

सुरुङ्गा नगरपालिकाको आ.व. २०८२।०८३ को आर्थिक व्यवस्था गर्न बनेको ऐन, २०८२

**प्रस्तावना :**

सुरुङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावनालाई कार्वान्यिन गर्नको निमित्त स्थानीय कर शुल्क संकलन गर्ने,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यबस्था गर्न बान्छनीय भएकाले नेपालको संविधानको धारा २२८ को उपधारा(२) बमोजिम सुरुङ्गा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम आर्थिक ऐन,२०८२ रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्विकृत भएपछि २०८२ साश्रव देखी सुरुङ्गा नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पति कर :** यम नगरपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिम एकीकृत सम्मत्ति कर लगाईने र असुल गरिनेछ ।

**३. भूमि कर (मालपोत) :** यस नगरपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल गरिनेछ ।

**४. घर बहाल कर** : यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा सस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै या आशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर बहाल कर लगाईने र असुल गरिनेछ ।

**५. बाल बटौरी शुल्क** : यस नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (४) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल गरिनेछ ।

**६. व्यवसाय दर्ता तथा व्यवसाय कर** : यस नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (५) बमोजिम व्यवसाय कर लगाइने र असुल गरिनेछ ।

**७. विज्ञापन कर :** यस नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई यो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थमा सोही बमोजिम हुनेछ ।

**८. मनोरन्जन कर** : यस नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम मनोरन्जन कर लगाइने र असुल गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थमा सोही बमोजिम हुनेछ ।

**९. सेवा शुल्क र सेवा दस्तुर** : यस नगरपालिकाले निर्माण, संचालन व्यवस्थापन गरेका अनुसूची (८) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल गरिनेछ ।

**१०. दण्ड जरिवाना र नियमित दस्तुर** : यस नगरपालिकाले आफनो क्षेत्रभित्र नगरपालिकाको स्वीकृत विना निर्माण भएका भौतिक संरचना, घर तथा अन्य भवन, टहराहरुलाई भवन सहिता, भवन निर्माण मापदण्ड र नपाबाट स्वीकृत मापदण्ड भित्र पर्नेको हकमा नगरपालिकाको निर्णयानुसार नक्सा स्वीकृत गरी नियमित गर्नुपर्ने भएमा अनुसूची ९ मा उल्लेखित दरमा दण्ड, जरिवाना र नियमित दस्तुर लगाईने र असुल गरिनेछ ।

**११.सबारी साधन कर** : यस नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (१०) बमोजिम सवारी साधन कर लगाईने र असुल गरिने छ ।

**१२. जडीबुटी, कवाडी, जीबजन्तु कर** : यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (११) बमोजिम कर लगाईने र असुल गरिनेछ

**१३. पर्यटन शुल्क** : यस नगरपालिकाले आफनो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा ब्यबस्था भएको अबस्थामा सोही बमोजिम हुनेछ ।

१४. **वातावरण शुल्क** : Global Warming **एक विश्वव्यापी सम्याको रुफमा रहेको हुदा सुरुङ्गा नगरपालिका समेत यसबाट अछुतो नरहेको हुदा यस नगरपालिका क्षर्त्र भित्र वातावरण संरक्षण तथा सम्बर्धन गर्ने हेतुले वातावरण शुल्क अनुसूची (१३) उल्लेखित दरमा वातावरण शुल्क लगाएर असुल गरिनेछ ।**

**१५. दैनिक गुन्द्री बजारमा लगाईने कर** : यस नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको हाटवजारहरुको ठेक्का बन्दोवस्ती गरी अनुसुची (१३) मा उल्लेखित दरमा दैनिक हाट बजारबाट कर असुल गरिनेछ ।

**१६. घर नक्सा पास तथा अभिलेख दस्तुर** : यस नगरपालिका भित्र निर्माण हुने घर तथा निर्माण भइसकेका घरहरुको अभिलेखिकरण गर्दा अनुसुचि (१४) मा उल्लेखित दरमा घर नक्सा पास तथा अभिलेख दस्तुर असुल गरिनेछ ।

**१७. खोलानाला तथा पोखरी** : यस नगरपालिका भित्र रहेका खोलानाला बाट उत्खनन् हुने बस्तुहरुको अनुसूची (१५) अनुसार दस्तुर असुल गरिने छ र खोला नाला तथा पोखरीहरुको दस्तुर ठेक्का लगाई ठेक्का प्रणालीबाट असुल गरीदै आएको व्यवस्थालाई निरन्तरता दिईने छ ।

**१८. कर, राजश्व छुट तथा मिनाहा :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर राजश्व छुट दिइने छैन् । तत्कालीन स्थानीय निकायको कानून बमोजिम निर्धारण भएका सबै प्रकारका राजस्व वक्यौता रकम, दण्ड जरिवानालाई छुट दिइने छैन । कर छुट र छलीमा संलग्न पदाधिकारीलाई यस्तो छुट र छलीको रकम सरकारी बाँकी सरह सम्वन्धित पदाधिकारीबाट असुल उपर गरिनेछ । प्रदेश तथा संघिय सरकारले कर राजश्व छुट दिने निर्णयको हकमा यो लागु हुने छैन तर कर तथा दैनिक रुपमा राजश्व अशुल हुने प्रकृतिका आय शिर्षकहरुको हकमा अशुल गर्ने अवधि घट्न गएमा वा विशेष काबू बाहिरको परिस्थिति परि कर तथा राजश्व छुट तथा मिनाहा दिनु परेमा प्रदेश सरकारबाट अनुमती प्राप्त भए पश्चात राजश्व परामर्श समिति तथा नगर कार्यपालिका बैठकको सिफारीसका आधारमा नगरसभाको निर्णय अनुसार छुट दिइने छ ।

**१८.कर तथा शुल्क संकलन सम्बन्धी कार्यबिधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यबिधि नगरपालिकाले तोके अनुसार हुनेछ । अनुसुची १ देखि अनुसुची १५ सम्ममा उल्लेख भएका देखि वाहेकका कर तथा शुल्क संकलन सम्बन्धी व्यवस्था नगरसभाले तोकेअनुसार हुनेछ । साथै तत्काल बाधा अड्काउ परेमा नगर प्रमुखको निर्णय अनुसार कर तथा दस्तुर उठाउने व्यवस्था गरिने छ ।

अनुसूची १
(दफा २ सँग सम्बन्धित)
एकिकृत सम्पत्ति कर

क) आम्दानीका श्रोतहरू

१. खोलानाला, पोखरीहरू, हाटबजारको ठेक्का बन्दोवस्ती

२. विभिन्न क्षेत्रका करहरू (विज्ञापन कर, मनोरञ्जन कर, व्यावसाय कर, सवारी पार्किङ शुल्क, सम्पती कर, भूमि कर मालपोत, घरवहाल कर, जडिवुटी, कवाडी, जिवजन्तु, काठ निकासी वा पैठारी कर आदी )

३. सेवा शुल्क र सेवा दस्तुर

४ घर नक्शा

५. विभिन्न निकायबाट प्राप्त हुने राजश्व वाडफाड

६ दण्ड जरिवाना र जफत आदी

ख) राजश्व दररेटहरु

१. सम्पत्ति कर

| सि.नं. | इकाई | दर |
|---|---|---|
| १ | फुसको घर प्रति घर | रू.५०० |
| २ | अर्ध पक्की घर प्रति घर | रू.१००० |
| ३ | पक्की घर प्रति वर्ग फिट भूई तल्ला | रू. १ |
| ४ | पक्की घर प्रति वर्ग फिट पहिलो तल्ला | रू. १।२५ |
| ५ | पक्की घर प्रति वर्ग फिट दोस्रो तल्ला | रू. १।५० |
| ६ | पक्की घर प्रति वर्ग फिट तेस्रो तल्ल भन्दा भाथि | रू. १।७५ |

अनुसूची २
(दफा ३ संग सम्वन्धित)

२. भूमि कर (मालपोत)

क) पूर्व कडरबोना देखी पश्चिम बलान खोला र कदमाहा देखी उत्तर त्रियुगा नगरपालिका सीमानासम्म राजमार्गमा छोएका घडेरीहरु प्रति कठ्ठा रु १६०/-

ख) आवास प्रयोजनको लागी घडेरीहरु

बजार क्षेत्र प्रति कठठा रु ९०

ग्रामीण क्षेत्र प्रति कठठा रु ४५

ग) खेतीयोग्य जमिनहरु

| सि.नं. | इकाई | दर |
|---|---|---|
| १ | एक विग्हासम्मको प्रति कठठा | रु १५।- |
| २ | एक विग्हा माथि तीन विरहासम्मको प्रति कठठा | रु २०। |
| ३ | तीन विग्हा माथि जतिसुकै भएपनि | रु २५। |

अनुसूची ३
(दफा ४ संग सम्बन्धित)

३. घर बहाल कर

बहाल कर न्युनतम निम्न अनुसार हुने (मासिक)

| सि.नं. | विवरण | बहाल दर |
|---|---|---|

| | | |
|---|---|---|
| १ | घरधनीसंग वहाल सम्झौता रकमको | १० (दश) प्रतिशत |
| २ | अध्ययन प्रयोजनका लागि घरधनीसंग वहाल सम्झौता रकमको | ३ (दश) प्रतिशत |

अनुसूची ४

(दफा ६ सँग सम्बन्धित)

## ४. बिटौरी कर

| सि.न. | विवरण | मासिक रु | बार्षिक रु |
|---|---|---|---|
| १ | सडक क्षेत्र,ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागी प्रती स्टल,कोठा,ठेला गाडी | ५०० | ५००० |
| २ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी पक्की घर भुई तल्ला सम्मको | | १००० |
| ३ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी पक्की घर एक तल्ला भन्दा बढी भएमा | | १५०० |
| ४ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी पक्की घर दुई तल्ला भन्दा बढी भएमा | | २००० |
| ५ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी कच्ची घर | | ५०० |
| ६ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी अर्ध पक्की घर | | ८००० |
| ७ | कृषि तथा अन्य प्रयोजनको लागी प्रति कठ्ठा | | १००० |

**अनुसूची ५**

**(दफा ५ सँग सम्बन्धित)**

**५ व्यवसाय कर / व्यवसाय रजिष्ट्रेशन दस्तुर (पुँजीको आधारमा)**

**१) व्यापारिक बस्तुहरू**

क) हार्डवेयर,टायल्स,मार्वल र सेनेटरी तथा कोल्ड ड्रिंक सहितको किराना पसल समेत

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ५ लाख सम्म | ८०० | ८०० |
| २ | ५ लाख १ देखी १५ लाख सम्म | १५०० | १५०० |
| ३ | १५ लाख १ देखी १ करोड सम्म | ७००० | ७००० |
| ४ | १ करोड १ देखी ५ करोड सम्म | १३००० | १३००० |
| ५ | ५ करोड देखि माथि | २०००० | २०००० |

ख) चुरोट, मदिराजन्य पदार्थ तथा ज्वेलर्स संग सम्बन्धित वस्तुहरूको व्यापार

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ५ लाख सम्म | १५०० | १५०० |
| २ | ५ लाख १ देखी १५ लाख सम्म | २००० | २००० |
| ३ | १५ लाख १ देखी १ करोड सम्म | ७००० | ७००० |
| ४ | १ करोड १ देखी ५ करोड सम्म | १५००० | १५००० |
| ५ | ५ करोड देखि माथि | २५००० | २५००० |

ग) क्यामेरा, टेलीभिजन,फ्रिज लगायतका विधुतिय तथा विद्युतका सामग्री (सिडि प्लेयर, कम्प्युटर, मोवाईल लगायत सामाग्री समेतका व्यवसायहरू)

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ५ लाख सम्म | १००० | १००० |

| | | | |
|---|---|---|---|
| २ | ५ लाख १ देखी २० लाख सम्म | १५०० | १५०० |
| ३ | २० लाख १ देखी १ करोड सम्म | ३५०० | ३५०० |
| ४ | १ करोड १ देखी ५ करोड सम्म | ५५०० | ५५०० |
| ५ | ५ करोड देखि माथि | ७५०० | ७५०० |

घ) ट्याकटर विक्री,जीप,अटोमोवाईल,मोटरपार्टस,मोटरसाईकल,मिल,मेसिनरी तथा हार्डवयर सम्बन्धी आदि

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ५ लाख सम्म | १००० | १००० |
| २ | ५ लाख १ देखी १० लाख सम्म | १५०० | १५०० |
| ३ | १० लाख १ देखी २० लाख सम्म | २००० | २००० |
| ४ | २० लाख १ देखी १ एक करोड सम्म | २५०० | २५०० |
| ४ | १ करोड १ देखी ५ करोड सम्म | ३५०० | ३५०० |
| ५ | ५ करोड देखि माथि | ६००० | ६००० |

ङ) किताब,कापी तथा स्टेशनरी संग सम्बन्धित व्यवसायको हकमा

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | १ लाख सम्म | ८०० | ८०० |
| २ | १ लाख १ देखी ३ लाख सम्म | १००० | १००० |
| ३ | ३ लाख १ देखी ५ लाख सम्म | १२०० | १२०० |
| ४ | ५ लाख १ देखी २० लाख सम्म | १५०० | १५०० |
| ४ | २० लाख १ देखी २५ लाख सम्म | २००० | २००० |
| ५ | २५ लाख देखि माथि | २५०० | २५०० |

च) औषधि पसल हकमा

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | १ लाख सम्म | १००० | १००० |
| २ | १ लाख १ देखी ३ लाख सम्म | १५०० | १५०० |
| ३ | ३ लाख १ देखी ५ लाख सम्म | २००० | २००० |
| ४ | ५ लाख १ देखी २० लाख सम्म | २५०० | २५०० |
| ४ | २० लाख १ देखी २५ लाख सम्म | ३००० | ३००० |
| ५ | २५ लाख १ देखि माथि | ३५०० | ३५०० |

छ) कृषि संग सम्बन्धित व्यवसायको हकमा (कृषि फर्म,गाई,बाख्रा,सुगुर पालन,कुखुरा पालन,मत्स्य पालन व्यवसाय आदी कृषि सामाग्री औजार,मल,विऊ दाना,चोकर,पशुपंक्षि आहारा)

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५०० | ५०० |
| २ | १ लाख १ देखी ३ लाख सम्म | ८०० | ८०० |
| ३ | ३ लाख १ देखी ५ लाख सम्म | १००० | १००० |

| | | | |
|---|---|---|---|
| ४ | **५ लाख १ देखी २० लाख सम्म** | **१३००** | **१३००** |
| **५** | **२० लाख देखि माथि** | **२०००** | **२०००** |

ज) शिसा,फ्रेमिङ,कार्पेट,गिफ्ट तथा सजावटका सामान र जनरल गुड्सहरु आदि ।

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | १ लाख सम्म | ८०० | ८०० |
| २ | **१ लाख १ देखी ५ लाख सम्म** | १३०० | १३०० |
| ३ | ५ लाख १ देखी १० लाख सम्म | २४०० | २४०० |
| ४ | १० लाख १ देखी २० लाख सम्म | ३५०० | ३५०० |
| ५ | २० लाख देखि माथि | ४५०० | ४५०० |

झ) थान कपडा,रेडिमेड कपडा आदि व्यवसाय

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | १ लाख सम्म | ८०० | ८०० |
| २ | ३ लाख १ देखी ५ लाख सम्म | १००० | १००० |
| ३ | ५ लाख १ देखी १५ लाख सम्म | १५०० | १५०० |
| ४ | १५ लाख १ देखी ३० लाख सम्म | २००० | २००० |
| ५ | ३० लाख १ देखी १ करोड सम्म | २५०० | २५०० |
| ६ | १ करोड १ देखी ५ करोड सम्म | ३५०० | ३५०० |
| ७ | ५ करोड १ देखि माथि | ५५०० | ५५०० |

ञ) सवारी साधन शोरुम तथा विक्रीकक्ष आदि व्यवसाय

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | मोटरसाईकल | ५००० | ५००० |
| २ | ई-रिक्सा,सफारी,अटो टेम्फो,ई-मोटरसाईकल | ५००० | ५००० |
| ३ | पावर टिलर,ट्र्याक्टर शो रुम | ५००० | ५००० |
| ४ | कार,जिप,भेन | १०००० | १०००० |

२) विशेष परामर्श तथा व्यवसायिक सेवा

क) चिकित्सक,अहेव,कवीराज,होमियोपेथिक,आयुर्वेदिक,पशु डाक्टर,भेटरीनरी,सर्जीक लगायत स्वास्थ संग सम्बन्धित व्यवसायहरु ।

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | एम.डी. | २००० | २००० |
| २ | एम.वि.वि.एस.पशु डाक्टर | १००० | १००० |
| ३ | पशु सहायक | ५०० | ५०० |
| ४ | कविराज,होमियोपेथिक,आयुर्वेदिक डाक्टर | १००० | १००० |
| ५ | सर्जिकल सामान खुद्रालाई | १५०० | १५०० |
| ६ | औषधि पसल थोकलाई | २००० | २००० |
| ७ | सर्जिकल सामान थोक | ५००० | ५००० |
| ८ | भिडियो एक्स रे | २००० | २००० |
| ९ | ल्याब,विभिन्न ल्याव एक्स रे समेतका व्यवसाय | २००० | २००० |
| १० | कविराज,होमियोपेथिक,आयुर्वेदिक अहेव | १००० | १००० |
| ११ | शारिरिक व्यामका सामाग्री विक्रि | ३००० | ३००० |
| १२ | ईन्जीनियरिङ्ग परामर्स | ३००० | ३००० |

ख) टेलिचलचित्र,वृत्तचित्र निर्माण,परामर्श सेवा,अनुसन्धान तथा परामर्शदाता ,अनुवादक,छापाखाना,प्रेश,स्किन प्रिन्टर्स आदि ।

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ३ लाख सम्म | ८०० | ८०० |
| २ | ३ लाख १ देखी ५ लाख सम्म | १००० | १००० |
| ३ | ५ लाख १ देखी १५ लाख सम्म | १३०० | १३०० |
| ४ | १५ लाख १ देखी २० लाख सम्म | १७०० | १७०० |
| ५ | २० लाख १ देखी १ करोड सम्म | २३०० | २३०० |
| ६ | १ करोड १ देखी ५ करोड सम्म | ३५०० | ३५०० |
| ७ | ५ करोड १ देखि माथि | ५५०० | ५५०० |

**ग) केवुल नेटवर्क व्यवसाय तथा इन्टरनेट**

**दर्ता तथा नविकरण शुल्क वापत वार्षिक रु १०००।– लिने**

घ) कानुनी व्यवसायी

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | वरिष्ट अधिवक्ता | २००० | २००० |
| २ | अधिवक्ता | १००० | १००० |
| ३ | लेखापढी | ५०० | ५०० |

ङ) लेखापरिक्षक

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | श्रेणी क | २००० | २००० |
| २ | श्रेणी ख | १००० | १००० |
| ३ | श्रेणी ग | ५०० | ५०० |
| ४ | श्रेणी घ | ३०० | ३०० |

च) अन्य सेवाहरु वा फर्म

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | विमा एजेन्ट विदेशी | १०००० | १०००० |
| २ | विमा एजेन्ट स्वदेशी | ५००० | ५००० |
| ३ | विज्ञापन एजेन्सी | ५००० | ५००० |
| ४ | शेयर दलाल तथा रियल स्टेट | १०००० | १०००० |
| ५ | अभिकर्ता | १००० | १००० |
| ६ | कानुनी फर्म | १००० | १००० |

छ) निर्माण कार्यमा संलग्न श्रमीक व्यवसायी (भवन निर्माण,विधुत तथा मर्मत,प्लम्बीङ्ग,पेन्टर आदी) को ईजाजत शुल्क रु.१०००।०० नविकरण शुल्क रु.५००।०० लगाउने

३) कुटानी पिसानी व्यवसायहरुको हकमा

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | कुटनी तथा पिसानी मात्र | १५०० | १५०० |
| २ | कुटानी तथा पिसानी र पेलानी | २००० | २००० |
| ३ | कुटानी तथा पिसानी,पेलानी चिउरा समेत | २५०० | २५०० |
| ४ | कुटानी तथा पिसानी,पेलानी चिउरा मसला समेत | ३००० | ३००० |
| ५ | कुटानी तथा पिसानी,पेलानी तथा विक्रि समेत | ३५०० | ३५०० |

४) उत्पादनमुलक उधोग

क) अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरि मालसमान उत्पादन गर्ने व्यवसाय जस्तो,खेर गईरहेको प्लाष्टिकबाट सामान निर्माण गर्ने र फोहोरबाट मल निर्माण गर्ने व्यवसायको हकमा व्यवसाको लगानी हेरी रु.१००० देखि रु १०००० सम्म लिने,

ख) वातावरणमा असर पार्ने उत्पादन मूलक उधोग ईटामा प्रति वर्ष रु.१००००। शुल्क लिने

५) पर्यटन सेवा व्यवसाय

आवास लज,होटल,फास्टफुड,रेस्टुरा,रिसोर्ट ट्राभल्स एजेन्सी,स्वमीङ्ग पुल,कनफ्रेन्स हल आदी

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | १ लाख सम्म | १००० | १००० |
| २ | १ लाख १ देखी २ लाख सम्म | १५०० | १५०० |
| ३ | २ लाख १ देखी ५ लाख सम्म | २००० | २००० |
| ४ | ५ लाख १ देखी २० लाख सम्म | २५०० | २५०० |
| ४ | २० लाख १ भन्दा माथि | ३००० | ३००० |
| ५ | रिसोर्टहरुको हकमा | ५००० | ५००० |

६) संचार सेवा,पत्रपत्रिका,ईन्टरनेट,साईवर क्याफे,अनलाईन न्युज,कुरियर सेवा,एफएम रेडियो तथा टेलिभिजन समेत

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ३ लाख सम्म | १००० | १००० |
| २ | ३ लाख १ देखी ५ लाख सम्म | १२०० | १२०० |
| ३ | ५ लाख १ देखी १० लाख सम्म | १५०० | १५०० |
| ४ | १० लाख १ देखी ५० लाख सम्म | २००० | २००० |
| ४ | ५० लाख १ देखी माथि | २५०० | २५०० |
| ५ | मोवाइल टावर (वार्षिक) | ३००० | ३००० |

७) वित्तिय सेवा

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | निजी क्षेत्रबाट संचालीत वाणिज्य वैंक,विदेशी विमा कम्पनी (क वर्ग) | १५००० | १५००० |
| २ | विकास वैंकहरु (ख वर्ग) | ९००० | ९००० |
| ३ | वित्तिय कम्पनीको मुख्य कार्यालय | ८००० | ८००० |
| ४ | विमा कम्पनी र मनि ट्रान्सफर | ४००० | ४००० |
| ५ | १ करोड सम्म कारोवार (वासलत) भएका सहकारी | २००० | २००० |
| ६ | १ करोड १ भन्दा माथि ३ करोड सम्म कारोवार (वासलत) भएका सहकारी | ४००० | ४००० |
| ७ | ३ करोड १ भन्दा माथि ५ करोड सम्म कारोवार (वासलत) भएका सहकारी | ७००० | ७००० |
| ८ | ५ करोड १ भन्दा माथि कारोवार वासलत) भएका सहकारी | ९००० | ९००० |
| ९ | वित्तिय कम्पनिका शाखा कार्यालयहरु | ५००० | ५००० |
| १० | लघुवित्त कम्पनीका कार्यालय तथा शाखा कार्यालयहरु | ५००० | ५००० |
| ११ | इन्भेष्टमेन्ट कम्पनीहरु | १५००० | १५००० |
| १२ | अन्य कारोवार | २५००० | २५००० |
| १३ | ऋण बचत गर्ने कृषि सहकारीहरुको हकमा | २००० | २००० |

नोट : १. बचत तथा ऋणको कारोवार नगरी पूर्णता कृषिमा आधारित सहकारीको हकमा वार्षिक शुल्क नलिने । माथि उल्लेखित सहकारीको सम्बन्मा कुनै सिफारिस वा नविकरण गर्न पर्ने भएमा रु १०००। लिने

२.महिलाहरुद्धरा मात्र गठन भई सञ्चालित सहकारी संस्थाहरुको दर्ता र शुल्कमा लाग्ने दस्तुरको ५० प्रतिशत छुट दिने ।

८) निजी तथा साझेदारी स्तरमा सञ्चालित स्वास्थ्य सेवा प्रदायक क्लिनिक,अस्पताल,औषधालयहरु,थेरापी सेन्टर,रिसर्च सेन्टर,ल्याब तथा रेडियोलोजी आदी ।

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ५ लाख सम्मको लागि | १५०० | १५०० |
| २ | ५ लाख १ देखी २० लाख सम्म | ४००० | ४००० |
| ३ | २० लाख १ देखी १ करोड सम्म | ७००० | ७००० |
| ४ | १ करोड १ देखी ५ करोड सम्म | १०००० | १०००० |
| ५ | ५ करोड देखि माथि | २०००० | २०००० |

९) अस्पताल तथा पोलिक्लिनिक,क्लिनिक तथा नर्सिङ्ग होम (शैयाको आधारमा)

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ५ शैया सम्मको लागि | ५००० | ५००० |
| २ | १० शैया सम्मको लागि | १०००० | १०००० |
| ३ | १५ शैया सम्मको लागि | १५००० | १५००० |
| ४ | २० शैया सम्मको लागि | २०००० | २०००० |
| ४ | २५ शैया सम्मको लागि | २५००० | २५००० |

१०) तालिम तथा प्रशिक्षण केन्द्रहरु

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | तालिम तथा अनुसन्धान,कम्प्युटर टाईपिङ्ग लगायत फोटोकपि समेत संचालन भई काम गर्नेहरुको हकमा,कम्प्युटर तथा भाषा प्रशिक्षण,निजी क्षेत्रबाट दिईने शिक्षा सेवा आदि | २००० | २००० |
| २ | भाषा कक्षा,ट्युसन तथा कोचिङ्ग सेन्टर आदी | ४००० | ४००० |

११) मर्मत सेवा

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | टेक्टर,वस,ट्रक,हेभि ईक्युपमेन्ट,कार,जीप लगायत तिन पांग्रे सवारी डेन्टिङ्ग मोटर पाट्स,मिलमेसीनरी,एयरकुलर,टायर रिसोलिङ्ग मोटरसाईकल,हुटसिट मर्मत आदि | ३५०० | ३५०० |
| २ | रेडियो,घडि,टिभि,ईलेक्ट्रोनिक मर्मत फ्रिज,मोटर तथा वाटरपम्प,स्टेपलाईजर | २००० | २००० |
| ३ | ग्यास चुलो सेल्स,डाईनोमाईट,गाडीको पम्प,टायरटयुब पंचर,ग्यास वल्डिङ्ग,रिक्सा मर्मत,साईकल,लुगा सिउने मेशीन अन्य फोटोकपि ब्याग आदी मर्मत | ५०० | ५०० |

१२) अन्य सेवा

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | बैदेशिक रोजगारीमा पठाउने संस्था,हाउजिङ्ग कम्पनी | ५००० | ५००० |
| २ | उधोग,संघसंस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | ५००० | ५००० |
| ३ | कलर ल्याव | १००० | १००० |
| ४ | घरजग्गा खरिद बिक्रि,रियल स्टेट | २५००० | २५००० |
| ५ | विज्ञापन सेवा फोटो स्टुडियो | २००० | २००० |
| ६ | ब्युटी पार्लर,केश श्रृगार,साईनबोर्ड | २००० | २००० |

| | | | |
|---|---|---|---|
| | पेन्टिङ्ग,सैलुन,नर्सरी | | |
| ७ | मासु(खसी,कुखुरा,रागा,बंगुर आदि)खुद्रा बिक्रेता | १००० | १००० |
| ८ | मासु(खसी,कुखुरा,रागा,बंगुर आदि)थोक बिक्रेता | १५०० | १५०० |
| ९ | पञ्चे बाजा | २५० | २५० |
| १० | ब्रास वैण्डबाजा | १००० | १००० |
| ११ | सित भण्डार | १००० | १००० |
| १२ | टेण्ट हाउस | ५००० | ५००० |
| १३ | क्याटरिङ्ग | १००० | १००० |
| १४ | सेलर मिल(उत्पादन,प्रशोधन,प्याकेजिङ्ग तथा बिक्रि) | ५००० | ५००० |
| १५ | एग्रोभेट | २००० | २००० |
| १६ | कवाडी पसल थोक | १००० | १००० |
| १७ | मल खाद विक्रेता प्रमाण पत्र नविकरण | १००० | १००० |
| १८ | कवाडी पसल खुद्रा | ५०० | ५०० |
| १९ | ढुवानी सेवा शाखा भएका कुरियर | १००० | १००० |
| २० | ढुवानी सेवा शाखा नभएका कुरियर | १००० | १००० |
| २१ | चस्मा बिक्रि गर्ने पसल | ५०० | ५०० |
| २२ | सेटरीङ्ग व्यवसाय | १००० | १००० |
| २३ | टेलरिङ्ग व्वसाय | १००० | १००० |
| २४ | ग्यास बिक्रि डिलर | ३००० | ३००० |
| २५ | खाधान्न समबन्धी काटि | १००० | १००० |
| २६ | डिपार्टमेन्टल स्टोर रेष्टुरा बेकरी सहितको | १०००० | १०००० |
| २७ | सपिङ्ग सेन्टर,मिनि मार्केट | ५००० | ५००० |
| २८ | डिपार्टमेन्टल स्टोर | १०००० | १०००० |
| २९ | निर्माण व्यवसायी | ५००० | ५००० |
| ३० | पेट्रोल पम्प प्रति नोजल वार्षिक शुल्क | ५००० | ५००० |
| ३१ | विधुतिय सवारी चार्जिक प्रति नोजल वार्षिक शुल्क | २५०० | २५०० |

## १३) जेनरल स्टोर

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ५ लाख सम्म | १५०० | १५०० |
| २ | ५ लाख १ देखी २० लाख सम्म | ३००० | ३००० |
| ३ | २० लाख १ देखी ५० लाख सम्म | ४००० | ४००० |
| ४ | ५० लाख १ देखी १ करोड सम्म | ७००० | ७००० |
| ५ | १ करोड देखी माथि | १५००० | १५००० |
| ६ | अन्य पान पसल,नाई सेवा,चिया नास्ता पसल आदि | ५०० | ५०० |

## १४) भाडा वर्तन,जुत्ताचप्पल,कस्मेटिक,मनिहारी,हेल्थ केयर,कृत्रिम गहना विक्रेता

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ५ लाख सम्म | १००० | १००० |
| २ | ५ लाख १ देखी १० लाख सम्म | १५०० | १५०० |

| | | | |
|---|---|---|---|
| ३ | १० लाख १ देखी ५० लाख सम्म | २५०० | २५०० |
| ४ | ५० लाख १ देखी १ करोड सम्म | ४५०० | ४५०० |
| ५ | १ करोड १ देखि माथि | ६००० | ६००० |

## १५) क) उधोग

मैनवत्ती,अगरबत्ती,धातु उधोग,चक उधोग,दाना उधोग,फिनेल उधोग,निर उधोग,उत्पादनमुलक उधोगको डिपो,सौर्य उर्जा उत्पादन,मिश्री उत्पादन,चकलेट उधोग,पापड चिप्स उधोग,बरफ उत्पादन,झुल तथा पर्दा उधोग,घरेलु कपडा बनाउने उधोग,डेरी उत्पादन,चिनी उधोग,डोरी डब्बा,वाल्टीन आदी बनाउने उधोग,निर्माण उधोग,खनिज उधोग,सोलार तथा उर्जा मूलक उधोग,काष्ठ उधोग,मिनिरल उधोग र नर्सरी उधोग ।

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ५ लाख सम्म | ५०० | ५०० |
| २ | ५ लाख १ देखी २० लाख सम्म | २००० | २००० |
| ३ | २० लाख १ देखी १ करोड सम्म | ८००० | ८००० |
| ४ | १ करोड १ देखी ५ करोड सम्म | १२००० | १२००० |
| ५ | ५ करोड देखी माथि | २०००० | २०००० |

## ख) ग्रिल उधोग

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ३ लाख सम्म | ५०० | ५०० |
| २ | ३ लाख १ देखी ५ लाख सम्म | १००० | १००० |
| ३ | ५ लाख १ देखी १० लाख सम्म | १५०० | १५०० |
| ४ | १० लाख १ देखी २० लाख सम्म | २००० | २००० |
| ५ | २० लाख १ देखी माथि | २५०० | २५०० |

उल्लेखित व्यवसायको हकमा अन्य निकायलाई गरिने सिफारिस वापतको दस्तुर लिने ।

## ग) उल्लेख नभएका अन्य उधोगहरु

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ट्युवलाईट उधोग,ब्याट्रि उधोग,प्लाष्टिकका समानहरु उत्पादन गर्ने | ५००० | ५००० |
| २ | वियर फ्याक्ट्री,मदिरा उत्पादन उधोग,ल्युब उधोग,इट्टा उधोग | ३०००० | ३०००० |
| ३ | सुर्तिजन्य उधोगहरु,पानमसला,गुटखा आदि | २००० | २००० |

नोटः- मदिराको हकमा वार्षिक शुल्क १०००० लिने

## घ) नदीजन्य पदार्थ ढुङ्गा,गिट्टी,वालुवा,माटो,दहत्तर वहत्तर उत्पादन गर्ने उधोगहरु

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक वा नविकरण रु |
|---|---|---|---|
| १ | ठुला उधोग | १००००० | ५०००० |
| २ | मझौला उधोग | ७५००० | ३५००० |
| ३ | साना उधोग | ५०००० | २५००० |

## १५) अन्य वर्गीकरणमा नखुलेका व्यवसाय

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | आलु,प्याज,हरियो तरकारी,फलफुल थोक बिक्री | १००० | १००० |
| २ | खुद्रा तरकारी,फलफुल | ५०० | ५०० |
| ३ | रयाम संचालन गर्नेको हकमा प्रति वर्ष | नगर्ने | ५०००० |

नोट

१) माथि उल्लेखित प्रकृति, उपभोक्ता शिर्षकमा नपरेको व्यवसाय र उधोग दर्ता हुन आएमा व्यावसाय र उधोगको किसिम हेरी माथिको कर दरमा नघट्नेगरि वार्षिक कर लिई व्यावसाय प्रमाणपत्र दिने ।

२) नगरपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल, उधोग आदि लाई बन्द गर्नुपर्दा आवश्यकता अनुसार निरिक्षण गरि विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरि व्यावसाय बन्द सिफारिस दिने र सोको विवरण छुट्टै फायलमा खड़ा गरि अध्यावधिक गरि राख्ने ।

३) व्यवसायिक फर्म नामसारी गर्दा तिन पुस्तेभित्र रू २५० र सो भन्दा बाहिर नामसारी गर्दा रू ५०० राजश्व लिई नामसारी गरि दिने ।

४) नगरपालिकालाई आवश्यक परेमा (व्यावसायको किसिम निर्धारण गर्ने सन्दर्भमा निजको व्यावसायको कारोबारको आन्तरिक राजस्व कार्यालय कारोबार प्रमाणित विवरण माग गर्न सकिने छ साथै नगरपालिकाले तोकेको कर्मचारीबाट निरीक्षण गरि निरीक्षण प्रतिवेदनको आधारमा कर निर्धारण गर्दा उपयुक्त हुने ।

५) नगरपालिकालाई बुझाउनु तिर्नु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजश्व बुझाउन बाकी रहेमा न.पा बाट प्रदान गरिने सिफारिस लगायतका कुनै पनि सेवा प्रवाहबाट बंचित गर्न उपयुक्त हुने ।

६) संस्था तथा व्यवसाय नविकरणहरू गर्दा सबै आर्थिक कारोवार हेरी सोही अनुसार व्यवसाय कर लाग्नेछ ।

७) (द.१५१, न.१५२) घ वर्गको निर्माण व्यवसाय इजजात दर्ता शुल्क १५००० । र नविकरण शुल्क ५००० हुने तर समयावधि भित्र नविकरण नगर्नेको हकमा नगरपालिकाको (घ) वर्गको निर्माण व्यवसाय इजाजतपत्र दिने सम्बनधमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ मा उल्लेख भएको रकम समेत थप गरि नविकरण गर्ने ।

८) नगरपालिकाको बिभिन्न ठेक्का तथा अन्य प्रयोजनार्थ समयमा बुझाउनु पर्ने किस्ता रकम तथा बेरुजु रकम नबुझाउने व्यक्ति, संस्था तथा फर्महरूलाई नगरपालिकाले प्रदान गर्ने तथा सहभागी गराउने विभिन्न प्रकारका ठेक्का पट्टा तथा कार्यक्रमहरुमा समाबेश नगर्ने तर गर्नै पर्ने भएमा प्रकृति हेरी लाग्ने रकममा ५० प्रतिशत जरिवाना समेत थप गरि प्रकृयामा सहभागी गराउने ।

९) अन्य बाँकी करहरूका हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधिभित्र रहि नगरसभाले तोक्ने जुन सामान्यतया कारोबारको स्तर हेरि जरिवाना तोक्ने ।

## १६) निजि विधालय दर्ता शुल्क तथा नविकरण वा व्यवसाय कर

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक वा नविकरण रु |
|---|---|---|---|
| १ | पूर्व प्राथमिक(प्रि.प्राइमरी १ भन्दा मुनी) | ५००० | ५००० |
| २ | आधारभुत(नर्सरी देखी ८ कक्षा सम्म) | ७००० | ७००० |
| ३ | माध्यमिक(९ देखी १२ सम्म) | १५००० | १५००० |
| ४ | उच्च माध्यमिक र क्याम्पस | २०००० | २०००० |
| ५ | प्राविधिक शिक्षा तर्फको | २०००० | २०००० |

१७) व्यावसाय कर अन्तर्गत माथि उल्लेख नभएका प्रकृतीको व्यवसायको हकमा नगर प्रमुखको निर्णको कर लिने ।

नोटः- हाल नगरपालिकामा नयाँ व्यवसाय रजिष्ट्रेशन नगर्नेको हकमा माथी लाग्ने शुल्कमा रजिष्ट्रेशन शुल्क र अनुसुची (९) मा तोकिए बमोजिम दर्ता गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत थप जरिवाना लिई दर्ता गर्ने र नगरपालिकामा पहिला नै दर्ता गरेका व्यवसायको हकमा तोकिए बमोजिमको व्यवसाय कर मात्र असुल गर्ने ।

अनुसूची ६
(दफा ७ संग सम्वन्धित)

६. विज्ञापन कर

| सि.न. | विवरण | प्रस्तावित दर रु | |
|---|---|---|---|
| १ | व्यवसायिक प्रयोजनको लागी नगर क्षेत्रभित्र राखिएका होडिङ्ग,भित्ते लेखन आदिमा प्रति वर्ग फिट | १००।०० | |
| २ | ग्लो साइन बोर्ड,डी.पी.एस.बोर्ड आदि | २००।०० | |
| ३ | डिजिटल बोर्ड तथा 2D & 3D वोर्ड प्रति बर्ग फिट | ३००।०० | |
| ४ | तुल,बन्डिङ्ग,ब्यानर आदिमा एक पटकको लागी प्रति फिट प्रति हप्ता | २००।०० | |
| ५ | तुल,बन्डिङ्ग,ब्यानर आदिमा एक पटकको लागी प्रति फिट बढिमा एक महिना सम्म | ३००।०० | |
| ६ | पोल बोर्ड एक साईडका लागि वार्षिक | १५००।०० | |
| ७ | गेट स्वागतद्धार आदि प्रति हप्ता | १०००।०० | |

नोटः रक्सी, चुरोट तथा सुर्तिजन्य पदार्थमा थप ७० प्रतिशत कर लिने ।

शर्तहरू

१) कुनै पनि प्रकारका विज्ञापन गर्दा नपावाट पुर्व स्वीकृत लिएर मात्र गर्नुपर्दछ ।

२) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारको नीति वमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न वन्देज गरेको (मादक पदार्थ, सुर्तीजन्य) जस्ता वस्तुहरूको विज्ञापन गर्न पाइने छैन ।

३) यातायात सवारी साधनहरूको विक्री प्रयोजनको लागी हुने विज्ञापनमा २५ प्रतिशत थप गरी कर लिइने छ ।

४) विभिन्न संघ संस्थाहरूको तर्फबाट हुने सेवामुलक प्रचार प्रसारका सामग्रीहरूमा उल्लेखित दरमा ५० प्रतिशत छुट दिईने छ ।

५) नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय सरकारको तर्फवाट हुने प्रचार सामग्रीमा कर लाग्ने छैन ।

६) स्वीकृत नलिई राखिएका विज्ञापनहरू हटाइने छ र पहिला प्रचार सामग्री राखी पछि स्वीकृत माग गरेमा नगरपालिकाले आवश्यकता हेरि शत प्रतिशत जरिवाना लिई कर लिइने छ ।

७) निजी स्वामित्वको जग्गामा राखिने प्रचार सामग्रीको हकमा सम्वन्धित जग्गाधनीसंग सहमती लिई त्यस्तो प्रकृतीको प्रचार सामग्रीमा ५० प्रतिशत छुट दिइने छ ।

अनुसूची ७
(दफा ८ संग सम्वन्धित)

७. (क) मनोरञ्जन कर

चलचित्र, टेलिचलचित्र, वृत्तचित्र निर्माण, परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादक, आदि ।

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | ३ लाख सम्म | ५०० | ५०० |
| २ | ३ लाख १ देखी ५ लाख सम्म | १००० | १००० |
| ३ | ५ लाख १ देखी १५ लाख सम्म | १५०० | १५०० |
| ४ | १५ लाख १ देखी २० लाख सम्म | २००० | २००० |
| ५ | २० लाख १ देखी १ करोड सम्म | २५०० | २५०० |
| ६ | १ करोड १ देखी ५ करोड सम्म | ३००० | ३००० |

| | | | |
|---|---|---|---|
| ७ | ५ करोड १ देखि माथि | ५००० | ५००० |

ख) मेला,सर्कस,महोत्सव,कन्सर्ट तथा आवधिक मनोरन्जनात्मक सेवाहरु

| सि.न. | विवरण | रजिष्ट्रेसन दस्तुर प्रस्तावित दर रु | व्यवसाय कर बार्षिक रु |
|---|---|---|---|
| १ | १ दिन सम्म लाग्ने | १००० | १००० |
| २ | १ देखि २ दिन सम्म | १५०० | १५०० |
| ३ | ३ देखि ५ दिन सम्म लाग्ने | २००० | २००० |
| ४ | ५ देखि ७ दिन सम्म लाग्ने | २५०० | २५०० |
| ५ | ७ देखि १५ दिन सम्म लाग्ने | ३५०० | ३५०० |
| ६ | १६ दिन देखि ३० दिन सम्म लाग्ने | ७००० | ७००० |
| ७ | १ महिना देखि माथि लाग्ने | १०००० | १०००० |

## अनुसुची ८
(दफा ९ सँग सम्बन्धित)

८.सेवा शुल्क र दस्तुर

| सि.नं. | | विवरण | दस्तुर रु |
|---|---|---|---|
| १ | | नेपाली नागरिकताको सिफारिस | |
| | १.१ | क) वंशज | १०० |
| | १.२ | ख) वैवाहिक | १०० |
| | १.३ | ग) अंगिकृत | ५०० |
| | १.४ | घ) प्रतिलिपि | १०० |
| | १.५ | ङ) नागरिकता सनाखत सिफारिस | १०० |
| २ | २ | राहदानी सिफारिस | ३०० |
| ३ | | नाता प्रमाणित | |
| | ३.१ | क) नेपालीमा मृतकसँग | १०० |
| | ३.२ | ख) नेपालीमा अन्यसँग | २०० |
| | ३.३ | ग) अंग्रेजीमा | ५०० |
| ४ | ४ | नाम थर संशोधन सिफारिस | २०० |
| ५ | | विधुत जडानको सिफारिस | |
| | ५.१ | क) घरयासि | २०० |
| | ५.२ | ख) कृषि मिटर सिफारिस | निशुल्क |
| | ५.३ | ग) व्यापारिक | १२०० |
| | ५.४ | घ) साना उधोग | १००० |

| | | | |
|---|---|---|---|
| | ५.५ | ङ) ठुला उधोग | २००० |
| | ५.६ | च) सामुदायिक कृषि मिटर | ५०० |
| ६ | ६ | विधुत धारा नामसारी सिफारिस | ५०० |
| ७ | | आय श्रोत घर जग्गाको मुल्याँकन सिफारिस प्रति लाखमा | |
| | ७.१ | क) आय श्रोत घर जग्गाको मुल्याँकन सिफारिस प्रति लाखमा नेपालीमा | ५० |
| | ७.२ | ख) आय श्रोत घर जग्गाको मुल्याकंन सिफारिस प्रति लाखमा अंग्रेजीमा | १०० |
| ८ | | बसोवास प्रमाणित सिफारिस | |
| | ८.१ | क) वैदेशिक प्रयोजन | १००० |
| | ८.२ | ख) स्वदेशी प्रयोजन | २०० |
| | ८.३ | ग) अस्थायी बसोबास | ५०० |
| | ८.४ | घ) स्थायी बसोवास दस्तुर | ५०० |
| ९ | | जन्म मिति प्रमाणित | |
| | ९.१ | क) जन्म मिति प्रमाणित नेपालिमा | २०० |
| | ९.२ | ख) जन्म मिति प्रमाणित अंग्रेजीमा | ५०० |
| १० | १० | जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी सिफारिस | २०० |
| ११ | ११ | घर निर्माण सम्पन्न सिफारिस | ५०० |
| १२ | | घर नक्सा पास नामसारी | |
| | १२.१ | कच्ची घर | २०० |
| | १२.२ | पक्की घर | ५०० |
| | १२.३ | पक्की घर एक तले | १००० |
| | १२.४ | पक्की घर दुई तले | २००० |
| | १२.५ | पक्की घर तीन तले | २५०० |
| १३ | | घर कायम सिफारिस | |
| | १३.१ | पक्की | १००० |
| | १३.२ | अर्ध पक्की (कच्ची) | ५०० |
| | १३.३ | फुस | २०० |
| १४ | | घर बाटो प्रमाणित तथा सिफारिस प्रति कित्ता,बाटो प्रमाणित | |
| | १४.१ | पक्की सडकसँग जोडिएको तथा आर.सि.सि. ढलान भएको | ५०० |
| | १४.२ | कच्ची तथा ग्राभेल सडकसँग जोडिएको | ३०० |
| | १४.३ | बाटो नभएको | २०० |
| १५ | | चार किल्ला प्रमाणित प्रति कित्ता | |
| | १५.१ | पक्की सडकसँग जोडिएको तथा आर.सि.सि. ढलान भएको | ५००० |
| | १५.२ | कच्ची तथा ग्राभेल सडकसँग जोडिएको | ३०० |
| | १५.३ | बाटो नभएको | २०० |

| | | | |
|---|---|---|---|
| | १५.४ | चार किल्ला प्रमाणित प्रति कित्ता व्यवसायिक प्रयोजनको लागि | १००० |
| १६ | | नामसारी सिफारिस प्रति कित्ता | |
| | १६.१ | जग्गा र घर समेत भएको | १००० |
| | १६.२ | जग्गा मात्र भएको | ५०० |
| | १६.३ | पक्की सडकसँग जोडिएको तथा आर.सि.सि. ढलान भएको | १००० |
| | १६.४ | कच्ची सड्क तथा ग्राभेल सडकसँग जोडिएको | ५०० |
| | १६.५ | सडकसँग नजोडिएको | २०० |
| १७ | १७.१ | छुट तथा आंकडा जग्गा नामसारी सिफारिस दस्तुर(प्रति कित्ता)५ कठ्ठा भन्दा तलकोलाई | ५०० |
| | १७.२ | छुट तथा आंकडा जग्गा नामसारी सिफारिस दस्तुर(प्रति कित्ता)५ कठ्ठा भन्दा माथिकोलाई | १००० |
| १८ | १८ | विटौरी जग्गा नामसारी वा हक हस्ताण्तरण (प्रति कित्ता) | ५०० |
| १९ | १९.१ | मोही नामसारी सिफारिस(३ नम्बर मोहियानी हक प्राप्त भएको मात्र) | १००० |
| | १९.२ | जग्गा धनी भए मोही लगत कट्टाको लागी | ५०० |
| | १९.३ | मोही भए | ५०० |
| २० | २० | अंग्रेजी सिफारिस | ५०० |
| २१ | २१.१ | संस्था दर्ता सिफारिस | १००० |
| | २१.२ | टोल विकास संस्था | निशुल्क |
| | २१.३ | कृषि समूह दर्ता सिफारिस | २०० |
| २२ | २२ | नाफा मुलक संस्था दर्ता सिफारिस | २००० |
| २३ | २३ | निजी विधालय संचालन सिफारिस | १००० |
| २४ | २४ | निजी विधालय कक्षा थप सिफारिस | २००० |
| २५ | २५ | दलित जनजाती मधेशी आदि सिफारिस | २०० |
| २६ | २६ | चारित्रिक सिफारिस दस्तुर न.पा.बाहिरको हकमा | ५०० |
| २७ | २७ | चारित्रिक सिफारिस न.पा.को हकमा | २०० |
| २८ | २८ | भारत जाने सहुलियत सिफारिस दस्तुर | ५०० |
| २९ | २९ | भारत बाहेक अन्य मुलुक जाने सिफारिस | १००० |
| ३० | ३० | व्यक्ति प्रमाणित | २०० |
| ३१ | ३१ | प्रमाणित (दर्ता हुनु अधिकोमा) | २०० |
| ३२ | ३२ | छात्रवृती सिफारिस | निशुल्क |
| ३३ | ३३ | उपचार सिफारिस,आर्थिक सहयोग सिफारिस | निशुल्क |
| ३४ | ३४ | बसाई सरि जादा वा कुनै पर्व समारोहमा जादा साथमा समान लानेको सिफारिस | ५०० |
| ३५ | | उधोग/पसल दर्ता सिफारिस | |
| | ३५.१ | घरेलु | ५०० |
| | ३५.२ | साना | ५०० |
| | ३५.३ | ठुला | १००० |

| | | | |
|---|---|---|---|
| ३६ | ३६ | उधोग/पसल ठाउसारी सिफारिस | १००० |
| ३७ | ३७ | अपुताली सिफारिस | १००० |
| ३८ | ३८ | निवेदन दस्तुर(फाराम शुल्क) | १० |
| ३९ | ३९ | आगलागी सिफारिस | निशुल्क |
| ४० | ४० | नावालक सिफारिस/सावालक सिफारिस | २०० |
| ४१ | ४१ | व्याक्तिगत घटना दर्ता (म्याद नाघेकोमा सम्बन्ध विच्छेद बाहेक) | २०० |
| ४२ | ४२ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी दस्तुर | ५०० |
| ४३ | ४३ | व्यक्तिगत घटना दर्ता किताब हेरेको | २०० |
| ४४ | ४४ | अविवाहित प्रमाणित/जिवित प्रमाणित | २०० |
| ४५ | ४५ | सुचिकृत दर्ता नक्शा निर्माणको कन्लटेन्सी बाहेक नगरबाट गर्ने | ५०० |
| ४६ | ४६ | कन्सलटेन्सी फर्म तथा परामर्स सेवाको सुचिकृत(घर नक्सा प्रयोजन)नगरले गर्ने | ३००० |
| ४७ | ४७ | पेन्सन पटा सिफारिस | ५०० |
| ४८ | ४८.१ | व्यवसाय बन्द सिफारिस | ५०० |
| | ४८.२ | व्यवसाय बन्द दस्तुर नगरले लिने | ५०० |
| | ४८.३ | व्यवसाय नामसारी सिफारिस | ५०० |
| ४९ | ४९ | वैदेशिक रोजागारको सिलसिलामा मृत्यु भएको व्यक्तिको सिफारिस | निशुल्क |
| ५० | ५० | सम्बन्ध विच्छेद दर्ता/सिफारिस | १००० |
| ५१ | ५१ | सहलुयत काठको सिफारिस | ५०० |
| ५२ | | काठको सिफारिस कटान चिरान | |
| | ५२.१ | घरयासी प्रयोजन | ५०० |
| | ५२.२ | व्यापारिक प्रयोजन | १००० |
| ५३ | ५३ | जग्गा छुट्याउने प्रति कित्ता(न.पा.को अमिनद्धारा) | १५०० |
| ५४ | | प्रतिलिपी सिफारिस | |
| | ५४.१ | नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी | १००० |
| | ५४.२ | घरको नक्साको प्रतिलिपी | १००० |
| | ५४.३ | व्यवसाय प्रमाणपत्रको प्रतिलिपी | १००० |
| | ५४.४ | योजना तथा कार्यक्रमसँग सम्बन्धित कागजातको प्रतिलिपी प्रति पाना | ५० |
| | ५४.५ | अन्य प्रतिलिपी प्रति पाना | ५० |
| | ५४.६ | न्यायीक प्रतिलिपी प्रति पाना | १० |
| ५५ | ५५ | तमसुक प्रमाणित प्रति लाख | १०० |
| ५६ | | खानेपानी धारा/टेलिफोन जडानको सिफारिस | |
| | ५६.१ | घरयासी | २०० |
| | ५६.२ | व्यवसायिक | ५०० |
| ५७ | ५७ | माथि उल्लेखि नभएको साधारण प्रकृतीको सिफारिस वडाको हकमा | २०० |

| | | | |
|---|---|---|---|
| ५८ | ५८ | माथि उल्लेखित नभएको जटिल प्रकृतीको सिफारिस वडाको हकमा | ५०० |
| ५९ | ५९.१ | जन्म दर्ता बाहेक अन्य कामको सिफारिसको लागी सर्जमिन गर्नु परेमा सर्जमिन शुल्क वापत | १००० |
| | ५९.२ | जन्म दर्ताको सर्जमिन मुचुल्का | ५०० |
| ६० | ६० | खुल्ला स्थानमा दिशा गर्नेलाई जरिवाना | १००० |
| ६१ | ६१ | न्यायिक दस्तुर उजुरीकर्तालाई उजुरी दर्ता बापत | २०० |
| ६२ | ६२ | मादक पदार्थ सेवन गरी होहल्ला गरेमा वा सवारी साधन चलाएमा | २००० |
| ६३ | ६३ | डिजे बाजा बजाउनेलाई | २००० |
| ६४ | ६४ | व्यवसाय प्रमाणित सिफारिस | ५०० |
| ६५ | ६५ | पारिवारीक विवरण प्रमाणित सिफरिस | २०० |
| ६६ | ६६ | कार्य अनुभवको सिफारिस | २०० |
| ६७ | ६७ | चारित्रिक प्रमाणित सिफारिस | २०० |
| ६८ | ६८ | मृत्यु प्रमाणित सिफारिस | २०० |
| ६९ | ६९ | दुर्घटना विमा सिफारिस | १०० |
| ७० | ७० | फरक नामथर सिफारिस | २०० |
| ७१ | ७१ | रुख (बोट) कटान सिफारिस(प्रति कठ्ठा) | ५०० |
| ७२ | | सामान तथा बस्तुहरुको ठाँउ स्थान्तरणको सिफारिस | |
| | ७२.१ | घरयासी प्रयोजन | २०० |
| | ७२.२ | व्यापारिक प्रयोजन | ५०० |
| | ७२.३ | सुकुम्बासी प्रमाणित सिफारिस | निशुल्क |
| ७३ | ७३ | फिल्ड बुक उतार सिफारिस | २०० |
| ७४ | ७४ | व्यक्तिगत घटना दर्ता प्रमाणित दस्तुर | १०० |
| ७५ | ७५ | विवाह प्रमाणित सिफारिस दस्तुर | २०० |
| ७६ | ७६ | गाँउ ब्लकको जग्गा सिफारिस प्रति कित्ता | ५०० |
| ७७ | ७७ | कर चुक्ता प्रमाणित सिफारिस नेपालीमा | २०० |
| ७८ | ७८ | कर चुक्ता प्रमाणित सिफारिस अंग्रेजीमा | ५०० |
| ७९ | ७९ | पेशा व्यवसाय प्रमाणित सिफारिस नेपालीमा | २०० |
| ८० | ८० | पेशा व्यवसाय प्रमाणित सिफारिस अंग्रेजीमा | ५०० |
| ८१ | ८१ | आर्थिक वर्ष प्रमाणित सिफारिस नेपालीमा | २०० |
| ८२ | ८२ | आर्थिक वर्ष प्रमाणित सिफारिस अंग्रेजीमा | ५०० |
| ८३ | ८३ | निजी पोखरीको कर (प्रति कठ्ठा) | ५०० |
| ८४ | ८४ | वडाको अधिकार क्षेत्र वाहेकका नगरबाट हुने सामान्य प्रकृतिका सिफारिस | ५०० |
| ८५ | ८५ | वडाको अधिकार क्षेत्र वाहेकका नगरबाट हुने जटिल प्रकृतिका सिफारिस | १००० |
| ८६ | ८६ | परीक्षा दस्तुर | |
| ८७ | ८७ | विधालय,मदरसा तथा गुरुकुल संचालनको सिफारिस वडाबाट हुने | ५०० |

| | | | |
|---|---|---|---|
| ८८ | ८८ | शिक्षक तथा कर्मचारी सरुवा तथा सहमती सिफारिस नगरबाट हुने | ५००० |
| ८९ | ८९ | सेफ्टि टेंकि प्रयोग वापत(प्रति टिप) नगरबाट हुने | १००० |
| ९० | ९० | सरसफाई शुल्क(प्रति घर धुरी) | २५ |
| ९१ | ९१ | पोलवत्ति शुल्क(प्रति घर धुरी) | ५० |
| ९० | ९० | अन्य बहाल कर | |
| ९१ | ९२ | बेरुजु | |

नोटः- उल्लेख हुन छुट भएका अन्य सिफारिसहरुको दस्तुर सम्बन्धमा द्धिविधा युक्त भए न.पा.प्रमुखले बाधा अड्काउ फुकाउने गरी न.पा. प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने । खुल्ला ठाउमा दिशा गर्ने व्यक्ति समाउनेलाई पुरस्कार स्वरुप ५०० उपलब्ध गराउने ।

## अनुसूची ९

(दफा १० सँग सम्बन्धित)

९. छुट,मिनाहा,दण्ड जरिवाना र प्रोत्साहन सम्बन्धी ब्यवस्था

क) नगरपालिका घोषणा हुनुपूर्व बनेका तथा २०७४ माघ महिना भन्दा अघि मापदण्ड अनुसार निर्माण भएका भवनको हकमा घर नक्शापास तथा अभिलेखिकरण प्रयोजनको लागी नगरपालिकाले सूचना प्रकाशित गरी प्रकाशित सूचनामा तोकिएको म्यादभित्र निवेदन पेश भएमा २५ प्रतिशत जरिवाना थप गरि प्रमाण पत्र प्रदान गर्ने ।

ख) बुँदा (क) मा तोकिएको समयावधि भित्र घर नक्शापास गरी नियमित नगराएमा ३० प्रतिशत जरिवाना गराउने ।

ग) भवन निर्माण ईजाजत नलिई हाल निर्माण भईरहेका सम्पूर्ण मापदण्ड अनुसारको भवनको हकमा घर नक्शा पास गरी नियमित गराउनका लागि नगरपालिकाले सूचना प्रकाशित गरी प्रकाशित सूचनामा तोकिएको म्यादभित्र निवेदन पेश भएमा २५ प्रतिशत जरिवाना थप गरि प्रमाण पत्र प्रदान गर्ने ।

घ) बुदाँ नं.(क),(ख) र (ग) बमोजिम घर नक्सा पास नियमित नगराएको हकमा नगरपालिकाले उपलब्ध गराउने सम्पूर्ण सेवाबाट बञ्चित गराउने ।

ङ) नगरपालिकाले तोकिने म्याद भित्र निवेदन पेश नभएको हकमा पछि नक्शा पास तथा अभिलेखिकरण गर्नु पर्दा थप २५ प्रतिशत जरिवाना लाग्नेछ ।

| सि.नं. | विवरण | पारित कर रकम | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भित्र दर्ता भएका व्यक्तिगत घटना | निशुल्क | |
| २ | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत(घटना प्रति घटना) | २००।०० | |
| ३ | नक्शापास नगरि चर लेवल सम्म भौतिक संरचना निर्माण गरेमा | लाग्ने शुल्कमा ५ प्रतिशत | आ.व.२०८१।०८२ मा लागु भएको दस्तुरको आधारमा |
| ४ | नक्शापास नगरि चर भन्दा माथि सम्म भौतिक संरचना निर्माण गरेमा | लाग्ने शुल्कमा १० प्रतिशत | आ.व.२०८१।०८२ मा लागु भएको दस्तुरको आधारमा |
| ५ | नक्शापास नगि घर तथा भौतिक निर्माण सम्पन्न गरेमा | लाग्ने शुल्कमा १५ प्रतिशत | आ.व.२०८१।०८२ मा लागु भएको दस्तुरको आधारमा |

| | | | |
|---|---|---|---|
| ६ | निश्चीत तल्ला वा निश्चित डिजाइनको अनुमति लिई सो भन्दा बढि वा फरक घर निर्माण | लाग्ने शुल्कमा १५ प्रतिशत | आ.व.२०८१।०८२ मा लागु भएको दस्तुरको आधारमा |
| ७ | घर निर्माण गर्दा सडकमा जथाभावी निर्माण सामाग्री थुपार्नेको हकमा | २० प्रतिशत | सडकमा पुगेको अवरोध र क्षतिको आधारमा |
| ८ | निषेधित क्षेत्रमा फोहोर फाल्नेको हकमा | १५०००। | निषेधित क्षेत्र घोषणा न.पा.ले स्थानिय रेडियो तथा पत्रपत्रिका मार्फत जानकारी गराउने |
| ९ | जथाभावि चौपाय छोड्नेको हकमा | रु.२०० | प्रति गोटा |
| १० | मालपोत हकमा | लाग्ने शुल्कका २५ प्रतिशत | जम्मा जरिवाना योग्य रकममा |
| ११ | व्यवसाय करको हकमा(दर्ता तथा नविकरण,व्यवसाय कर) एक आर्थिक वर्षमा नगर्ने,नतिर्नेको हकमा | लाग्ने शुल्कमा ५० प्रतिशत | प्रति वर्ष |
| १२ | जग्गा,घर बहाल कर समयमा दाखिला नगर्नेको हकमा | लाग्ने शुल्कको १० प्रतिशत | प्रति वर्ष |
| १३ | समयमै लेखापरिक्षण तथा साधारण सभा नगर्ने सहकारी संस्था | रु.५०० | प्रति वर्ष |
| १४ | नदीजन्य पदार्थ चोरी निकाशी गर्ने सवारी साधन ट्र्याक्टर भएमा | रु.५००० | पहिलो पटक |
| १५ | नदीजन्य पदार्थ चोरी निकाशी गर्ने सवारी साधन ट्रिपर भएमा | रु.१५००० | पहिलो पटक |
| १६ | नदीजन्य पदार्थ चोरी निकासी गर्ने सवारी साधन ट्रक भएमा | रु.२०००० | पहिलो पटक |
| १७ | नदीजन्य पदार्थ चोरी निकाशी गर्ने सवारी साधन ब्याक लोडर डोजर भएमा | रु.२५००० | पहिलो पटक |
| १८ | नदीजन्य पदार्थ चोरी निकासी गर्ने सवारी साधन एक्काभेटर भएमा | रु.४०००० | पहिलो पटक |
| १९ | घर बहाल कर | १० प्रतिशत | प्रति वर्ष |

नोटः-

- नदीजन्य पदार्थ चोरी निकाशी गर्ने सवारी साधन नियन्त्रणमा लिई नगरपालिकामा बुझाउने सुरक्षाकर्मीलाई पोत्साहन वापत जरिवाना गराएको रकमको २५ प्रतिशत रकम प्रकृया पुरा गरि उपलब्ध गराउने ।
- निजी जग्गाबाट अनुमती बिना माटो,ग्राभेल जस्ता अप्रशोधित पदार्थहरु उत्खन्न गर्नेको हकमा प्रदेश कानूनले तोके अनुसार जरीवाना कायम गरी अथवा सुरुङ्गा नगरपालिकाको निजी जग्गाबाट माटो,ग्राभेल उत्खनन,संकलन तथा बिक्री बितरण सम्बन्धी कार्यविधी,२०८० ले तोके अनुसारको जरीवाना वा सजाय गर्ने ।
- यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर राजश्व छुट दिईने छैन् । तत्कालीन स्थानीय निकायको कानून बमोजिम निर्धारण भएका सबै प्रकारका राजश्व बक्यौता रकम,दण्ड जरिवानालाई छुट दिइने छै । कर छुट र छलीमा संलग्न पदाधिकारीलाई यस्तो छुट र छलीको रकम सरकारी बाँकी सरह सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनेछ । प्रदेश तथा संघिय सरकारले कर राजश्व छुट दिने निर्णयको हकमा यो लागु हुने छैन तर कर तथा दैनिक रुपमा राजश्व अशुल हुने प्रकृतिका आय शिर्षकहरुको हकमा अशुल गर्ने अवधि घट्न गएमा वा विशेष काबू बाहिरको परिस्थिति परि कर तथा राजश्व छुट तथा मिनाहा दिनु परेमा प्रदेश सरकारबाट अनुमति प्राप्त भए पश्चात राजश्व परामर्श समिति तथा कार्यपालिका बैठकको सिफारिसका आधारमा नगरसभाको निर्णय अनुसार छुट दिइने छ ।

## अनुसूची १०

(दफा ११ सँग सम्बन्धित)

### १०. सवारी साधन कर

| सि.न. | विवरण | वार्षिक सवारी कर | पटके सवारी कर | पार्किङ्ग कर |
|---|---|---|---|---|
| १ | बस,ट्रली,लहरी,हेभी गाडिमा | | | १० |
| २ | भाडाका कार जीप | | | ५ |
| ३ | भाडाको टेम्पो | | | ५ |
| ४ | निजी मिनि बस | | | १० |
| ५ | निजी टेम्पो | | | ५ |
| ६ | मोटरसाइकल,स्कुटर | | | ५ |
| ७ | ट्रयाक्टर | | | १० |
| ८ | पावर टेलर | | | ५ |
| ९ | बिधुतीय रिक्सा | | | ५ |
| १० | एक्जाभेटर/डोजर | | | १० |
| ११ | टेलर,लहरी विदेशी | स्वेदशी भन्दा दोव्वर दस्तुर लाग्ने | | |
| १२ | बस,ट्रक बसदेशी | | | |
| १३ | मिनी बस,मिनि ट्रक बिदेशी | | | |
| १४ | जिप/कार बिदेशी | | | |

## अनुसूची ११

(दफा १२ सँग सम्बन्धित)

### ११. जडिबुडी,कवाडि,जीवजन्तु कर

उन,खोटो,जडिबुटी,वनकस,कवाडी माल,जीवित जन्तु तथा मृत वा मारिएका जीवजन्तुको हाड,सिंङ्ग,प्वाख,छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरे वापत जडिबुटी,कवाडी र जीवजन्तु कर लाग्ने छ ।उल्लेखित मालसमानका हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि नगरपालिकाले तोके बमोजिम हुने ।

क) कागजजन्य समानका लागी प्रति किलो ग्राम – ५० पैसा

ख) फलाम/स्टिलजन्य समानका लागि प्रति किलो ग्राम – रु.१

ग) हाड,सिंङ्ग,प्वाख जस्ता समानको लागि प्रति किलो ग्राम – २५ पैसा

घ) वनजन्य जडिबुटीको लागि प्रति किलो ग्राम – रु.२

## अनुसूची १२

(दफा १३ सँग सम्बन्धित)

### १२. पार्किङ्ग शुल्क

अनुसूची १० मा उल्लेख भए बमोजिम हुने ।

## अनुसूची १३

(दफा १४ सँग सम्बन्धित)

### १३. पर्यटन शुल्क

संघीय सरकार र प्रदेश सरकारले तोके बमोजिम हुने ।

दैनिक गुद्री (बहाल बिटौरी) कर :

| सि.न. | बिषय शिर्षक | विवरण | प्रस्तावित दर |
|---|---|---|---|
| १ | माछा,मासु बिक्री सम्बन्धी | खसी,बोका,सुंगुर,वंगुर राँगा | १२०। |
| | | कुखुरा,माछा | ६०। |
| २ | कपडा तथा जुत्ता चप्पल आदि सँग सम्बन्धित पसल | रेडिमेड कपडा तथा समान राखी बिक्री गर्ने पसल | ३० । |
| | | थान कपडा बिक्रि गर्ने पसलमा | २५। |
| | | जुत्ता चप्पल विक्री पसलमा सानो | १५। |
| | | जुत्ता चप्पल बिक्री पसलमा ठुलो | २५। |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोचि | १०। |
| ३ | तरकारी तथा फलफुल सम्बन्धि | फलफुल,नास्ता ठेलामा राखि बिक्रि गर्ने पसललाई | ३०। |
| | | साग सब्जी डोका वा डालामा राखी बिक्री गर्ने | २०। |
| | | भारमा सब्जी आदि ल्याई बिक्रि गर्ने | २०। |
| | | सिजन अनुसारको सागसब्जी आलु पसल ठुलो | २५। |
| | | सिजन अनुसारको सागसब्जी आलु पसल सानो | २०। |
| | | फलफुल सागसब्जी पसल अन्यमा | २०। |
| | | फलफुल सागसब्जी प्रति बयलगाडा | २०। |
| | | फलफुल सागसब्ज बोरा । खुद्रा पसल | २०। |
| ४ | खाधान्नसँग सम्बन्धित | ढाकीमा ल्याई बेच्ने दाल,चामल,पिठो,च्युरा आदिमा | २०। |
| | | विस्कुट,चकलेट,पाउरोटी,साबुन विक्री गर्ने पसलमा | २०। |
| | | मिठाई पसलमा | २०। |
| | | चटपटी तथा वरफ | ३०। |
| | | चिया पसल | २०। |
| | | माछा,मासु,तरकारी पकाई बिक्री गर्ने पसलमा | २०। |
| | | अदुवा,लसुन,खुर्सानी,कुचो,नाम्लो बेच्नेसँग | २०। |
| | | चामल दाल बिक्री गर्ने पसल | २५। |
| | | बीउ विजन बिक्री गर्ने पसलमा | २५। |
| | | चकटी आदि बेच्नेसँग | १०। |
| | | मकैं पोली बेच्नेसँग | १०। |
| | | जडिबुटी बिक्री गर्नेसँग | २०। |
| | | किराना पसलमा | ३५। |
| | | अन्य छुटपुट पसलमा | १०। |
| ५ | पशुपँक्षि जिउदा बिक्रीसँग समबन्धित | कुखुरा,हाँस बिक्री गर्ने पसल प्रतिगोटा | १०। |
| | | कपाल काटने सैलुनमा | १५। |

| | | | |
|---|---|---|---|
| ६ | परम्परागत शिपसँग सम्बन्धित | माटोको भाडा बेच्ने पसल ठुलो | १५। |
| | | माटोको भाँडा बेच्ने पसल सानो | १०। |
| | | कुचो,कुनिया,खोगी डोको नांग्लो बेच्ने | १०। |
| | | खटियामा समान राखी बिक्री गर्ने पसलमा प्रति गोटा | १५। |
| | | फलामका औजार तथा समान बिक्री गर्ने पसलमा | १५। |
| ७ | अन्य व्यवसाय सँग सम्बन्धित | भाडाकुडा पसलमा | ३०। |
| | | फोटो फ्रेमिङ्ग तथा बिक्री पसल | २०। |
| | | लाइट,पेट्रोमेक्स,स्टोभ,छाता मर्मत पसलमा | २०। |
| | | बास प्रति गोटा | ५। |
| | | प्रचार प्रसार गरी व्यवसाय गर्ने विज्ञापन सम्वन्धी पसलमा | २०। |
| | | खेल,तमासा,जादु,चटकी आदिमा | २०। |
| | | चुरी,धागा,टिका,आदि श्रृंगार तथा मनिहारी पसल ठुलोमा | २५। |
| | | चुरी,धागा,टिका,आदि श्रृंगार तथा मनिहारी पसल सानोमा | १५। |
| | | मुरली,बासुरी,गुलेली,थैली बिक्री गर्ने | १०। |
| | | जुम्रा,उडुस आदि मार्ने औषधी बिक्री गर्ने | १२०। |

नोटः- माथि नपरेको व्यवसायको हकमा नगरपालिकाले तोके बमोजिम रु.१० देखी १०० सम्म कर लिन सक्ने ।

## अनुसूची १४
## (दफा १५ संग सम्बन्धित)

### १४. वातावरण शुल्क

| सि.नं. | सवारी प्रकार | शूल्क(प्रति टिप) |
|---|---|---|
| १ | ट्याक्टर | ५० |
| २ | ६ चक्के सवारी साधन | १०० |
| ३ | १०-१२ चक्के सवारी साधन | २०० |

## अनुसूची १५
## (दफा १६ सँग सम्बन्धित)

### १५. नक्शा पास/अभिलेखीकरण दस्तुर

घर नक्शा अभिलेखीकरण प्रयोजन/नक्शा पास दस्तुर

| सि.न. | भवनको प्रकार | वेसमेन्ट तल्ला रु. | भुई तल्ला प्रति वर्ग फुट रु | पहिलो तल्ला प्रति वर्ग फुट रु | दोस्रो तल्ला प्रति वर्ग फुट रु | तेस्रो तल्ला प्रति वर्ग फुट रु |
|---|---|---|---|---|---|---|
| १ | आर.सी.सी.पिलर भएको | ५ | ६ | ७ | ८ | ९ |
| २ | ढुङ्गा वा इट्टा वा ब्लकमा सिमेन्ट वालुवाको गारो(आर.सी.सी.को छाना भएको) | | ५ | ५।५ | ६ | |
| ३ | सिमेन्टको जोडाईमा ढुङ्गा वा इट्टा वा ब्लकको गारो जस्ता वा | | ३।५ | ४ | ५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | टयलको छाना | | | | | |
| ४ | पटहाको घेराबारा वा फुसको घर | ३।५ | | ३ | | |
| ५ | सिमेन्ट जोडाईको कम्पाउण्ड वाल | प्रति रनिङ्ग फिट | | | | ७ |
| ६ | माटो जोडाईको कम्पाउण्ड वाल | प्रति रनिङ्ग फिट | | | | ५ |
| ७ | तार वार वा फुसको कम्पाउण्ड वाल | एकमुष्ट | | | | रु.१५०० |

नोटः- अभिलेखिकरण गर्नेको हकमा माथि उल्लेखित रकममा थप २५ प्रतिशत दस्तुर लिने ।

## अनुसूची १६
## (दफा १७ सँग सम्बन्धित)

### १६. ढुङ्गा,गिट्टी,वालुवा,माटो,दहत्तर बहत्तर शुल्क

| सि.न. | विवरण | इकाई | दर प्रति |
|---|---|---|---|
| १ | ढुङ्गा,गिट्टी,वालुवा,स्लेट,ग्राभेल र रोडा बिक्री एव घाटगद्दी | प्रति क्यूब मिटर | रु.१५० देखी रु. २०० सम्म |
| २ | माटो बिक्री एंव घाट गद्दी | प्रति क्यूब मिटर | रु.७५ देखी रु.१२५ सम्म |
| ३ | काठ दाउरा बिक्री | बिक्री मुल्यको | १० प्रतिशत |
| ४ | विगत वर्ष संकलन भई बाँकी ढुङ्गा,गिट्टी,वालुवाको स्टक प्रमाणित(प्राविधिक प्रतिवेदन अनुसार) | प्रति क्युव मिटर | रु.१५ |

दहत्तर बहत्तर शुल्क बाझिएमा प्रदेश कानून अनुसार हुनेछ ।

साविक देखी नगरपालिका गठन नहुदा सम्म भोगचलन भईरहेको जग्गा बाहेक अन्य सबै सार्वजनिक ऐलानी परती जग्गा नगरपालिकाको नियन्त्रणमा लिईने र भोगचलन गरेको जग्गामा अब्यवस्थित घरको देहाय बमोजिमको कर लिने

| सि.न. | घरको विवरण | वार्षिक लाग्ने कर |
|---|---|---|
| १ | कच्ची घर प्रति घर | रु.५०० |
| २ | अर्धपक्की घर प्रति घर | रु.१००० |
| ३ | पक्की घर प्रति घर | रु.२००० |
| उल्लेखित कर भुई तल्लाको लागी मात्र भएकोले थप तल्ला भए प्रति तल्ला भुई तल्लको लागी तोकीए बमोजिम थप लिने | | |

नगरपालिका क्षेत्रभित्र रहेका पोखरी,हाटबजार तथा खोलानालाहरुको ठेक्का बन्दोबस्तीको लागी कायम गरिने न्यूनतम मूल्क अघिल्लो वर्षको लगाइएको ठेक्काको मूल्य वा नगर कार्यपालिका वा नगर सभाको निर्णयबाट तोकी ठेक्का बन्दोबस्त गर्ने ।

# आन्तरिक राजश्व तथा अन्य दस्तुर प्राप्तिको अनुमान

## आ.व.२०८२/०८३

| आय शिर्षक | | प्रस्तावित |
|---|---|---|
| सि.नं. | आन्तरिक राजश्व | ४९३३००० |
| १ | सम्पत्ति कर | ६१३०००० |
| २ | भुमिकर/मालपोत | २८८२५०० |
| ३ | घर वहाल कर | १२८२५०० |
| ४ | वहाल बिटौरी कर | ५१३००० |
| ५ | न्यायिक समिति दस्तुर | १२०००० |
| ६ | नक्सापास दस्तुर | ९५५००० |
| ७ | सिफारिस दस्तुर | ९६९५००० |
| ८ | नाता प्रमाणित दस्तुर | १५०००० |
| ९ | व्यवसाय रजिस्ट्रेसन दस्तुर,व्यवसाय कर | २५३९००० |
| १० | व्यक्तिगत घटना दस्तुर | २७२००० |
| ११ | विज्ञापन कर | १५०००० |
| १२ | न्यायिक तथा प्रशासनिक दस्तुर | २००००० |
| १३ | बेरुजु | ५००००० |
| १४ | घरजग्गा रजिस्ट्रेसन दस्तुर | १३६८०००० |
| १५ | परीक्षा दस्तुर | १४६२५० |
| १६ | अन्य आय,अन्य सेवा शुल्क,अन्य दस्तुर | ७९१८४१२६ |
| | जम्मा | १२१४४९८७६ |
| | राजश्व बाँडफाड | |
| १ | दहत्तर वहत्तर(खोला ठेक्का) | ७०००००० |
| २ | मालपोत रजिष्ट्रेशन | ८०००००० |
| | जम्मा | १५०००००० |
| | जम्मा आन्तरिक आय | १३६४४९८७६ |

नोटः- स्थानीय तहबाट नतोकिएका राजश्व शिर्षक तथा दरहरु संघीय तथा प्रदेश सरकारले तोके बमोजिमको हुनेछ ।